# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२८ बारा, २०८३ असोज २४ गते शनिबार / औंशी / नेपाल संवत् ११४६ / Saturday, October 10 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## इप्रका सिमराका प्रमुख कडेलको सरुवा



सिमरा,२३ असोज/इलाका प्रशासन कार्यालय सिमराका प्रमुख राजेन्द्रप्रसाद कडेलको सरुवा भएको छ। उहाँको जिल्ला प्रशासन कार्यालय मोरङमा सहायक प्रमुख जिल्ला अधिकारीको रूपमा सरुवा भएको हो।

कडेल २०८२ भदौ १७ गते इलाका प्रशासन कार्यालय सिमराको प्रमुखका रूपमा हाजिर हुनुभएको थियो। उहाँको स्थानमा गृह मन्त्रालयअन्तर्गत कार्यरत उपसचिव गणेश नेपाली आउने हुनुभएको छ।

गृह मन्त्रालयले एक प्रमुख जिल्ला अधिकारी (प्रजिअ) र चार सहायक प्रमुख जिल्ला अधिकारीसहित ३२ जना अधिकारीको सरुवा तथा पदस्थापन गरेको छ। मन्त्रालयले असोज १५ र २३ गतेका निर्णयअनुसार राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरूको सरुवा तथा पदस्थापन गरेको हो।

## कांग्रेस देउवा समूहको निजगढ सभापतिमा अमिर मोक्तान सर्वसम्मत चयन

निजगढ, २३ असोज/नेपाली काँग्रेस शेरबहादर देउवा समूहको १५औं महाधिवेशनअन्तर्गत निजगढ नगर अधिवेशन आज सम्पन्न भएको छ।

अधिवेशनले अमिर लामा मोक्तानको नेतृत्वमा २७ सदस्यीय नगर कार्यसमिति सर्वसम्मत चयन गरेको छ

अधिवेशनले सभापतिका अन्य आकांक्षीहरुलाई महाधिवेशन प्रनिनिधिमा व्यवस्थापन गर्दै मोक्तानलाई सभापतिमा सर्वसम्मत चयन गरेको हो। मोक्तान यसअघि निजगढ नगर अधिवेशनको लागि केन्द्रीय समितिको तर्फबाट निजगढ संयोजक तोकिनुभएको थियो।

निजगढ ९ स्थित होटल राजमार्गमा दिउसो १ बजेबाट सुरु भएको सो अधिवेशनको बन्द सत्र राति ८:३० बजेपछि सकिएको थियो। सभापतिमा सहमति जुटाउन समय लागेपछि कार्यसमितिका पदाधिकारी घोषणामा ढिलाइ भएको बताइएको छ।



नगर सभापति पदका अन्य आकांक्षीहरु निजगढ नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष मंगले लोप्चन र सीता अधिकारी भने महाधिवेशन प्रतिनिधिमा छनौट भएका छन। उनीहरु दुबैले दाबी नछोडेपछि मोक्तानको नाममा सहमति बनेको थियो।

यसअघि सभापतीको लागि दाबी गर्दैआएका निजगढ ९ का खडकराज मैनाली र प्रदीपकुमार उप्रेती भने अधिवेशनमा नै सहभागी भएका थिएनन्। कांग्रेस संस्थापन पक्षसंग पहिलेदेखि नै असहमति जनाउदैआउनुभएका मैनाली निजगढ नगर सभापतिको लागि पहिलो आकांक्षी हुनुहुन्थ्यो। तर पछिल्लो समय संस्थापन पक्षबाट आएकाहरुले पनि नगर सभापतिमा दाबी पेस गर्न थालेपछि उहाँले सभापतिको दाबी छोडनु भएको थियो। २ साताअघि भएको संस्थापन पक्षको वडा अधिवेशनबाट क्षेत्रीय प्रतिनिधिमा चुनिनुभएका वडा अध्यक्ष लोप्चन र निजगढ ९ का उप्रेतीले सो पदबाट राजिनामा दिएर देउवा समूहको सभापतिमा दाबी पेस गर्नुभएको थियो। सभापति पदकी अर्की आकांक्षी अधिकारी भने सुरुदेखि नै देउवा समूहमा आवद्ध हुनुहुन्थ्यो। अधिकारीले सहमतिबाट नगर कार्यसमिति चयन गर्न आफूले सभापति पदको दाबी छोडेको बताउनुभएको छ।

कार्यक्रममा बारा क्षेत्र नम्बर १ का क्षेत्रीय सभापती सोभीलाल मण्डल, नेता भगतप्रसाद साह, निर्वाचत अधिकृत बन्दुप्रसाद चौधरी, कोल्हबी नगर सभापती विरेन्द्र चौधरी, आदर्शकोतवाल गाउँपालिका सभापती रुपेश सिंह, सिम्रौनगढ नगर सभापती हरेन्द्र कुशवाहालगायत देउवा समूहका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

अधिवेशन उद्घाटन सत्रको संचालन नगर अधिवेशन आयोजक समितिका मनकुमार अधिकारी 'मनको साथी'ले गर्नुभएको थियो।

## निजगढमा डेंगु र जेई रोकथाम तथा नियन्त्रण गर्न बहुक्षेत्रीय समन्वय बैठक



बसन्त लामा

सिंगौल, २३ असोज/डेंगु तथा जापानी इन्सेफलाइटिस (जेई) रोगको रोकथाम र नियन्त्रणका लागि निजगढ नगरपालिकाको सिंगौलमा बहुक्षेत्रीय समन्वय तथा पैरवी कार्यक्रम आज सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालय बाराको आयोजनामा कार्यक्रम सञ्चालन भएको हो। कार्यक्रममा डेंगु तथा जेई रोगको संक्रमण रोकथाम, नियन्त्रणका उपाय र यसका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वयका विषयमा छलफल गरिएको थियो।

स्वास्थ्य स्वयंमसेविका र स्थानीय बासिन्दाहरुको सहभागिता रहेको कार्यक्रममा स्वास्थ्य कार्यालय कलैया बाराका प्रमुख चेतराज पण्डित र निजगढ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रमेश लामाले डेंगु र जेई रोकथाम तथा नियन्त्रणको लागि अपनाउनु पर्ने उपायहरुको बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रममा रोगको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्था, स्थानीय तह, विभिन्न सरोकारवाला निकाय र समुदायबीचको सहकार्यमा जोड दिइएको थियो।

स्वास्थ्यकर्मीहरुका अनुसार डेंगु रोग संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने रोग हो भने जापानी इन्सेफलाइटिस पनि संक्रमित लामखुट्टेकै टोकाइबाट सर्ने प्राणघातक रोग हो।

दुबै रोगको जोखिम न्यूनीकरणका लागि लामखुट्टेको बासस्थान नष्ट गर्ने, पानी जम्न नदिने, सरसफाइमा ध्यान दिने र जनचेतना अभिवृद्धि गर्ने कार्य महत्वपूर्ण मानिन्छ।

## न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सहकारी संस्थालाई सूचीकृत हुन आग्रह

निजगढ, २३ असोज/सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्न बारा जिल्लाका इच्छुक कृषि सहकारी संस्थालाई सूचीकृत हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ कार्यालय बाराले आह्वान गरेको छ।

कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयले गत असोज २० गते एउटा सूचना जारी गर्दै न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सहकारी संस्थाबाट आवश्यक विवरण माग गरेको हो।



नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ जेठ ११ गतेको निर्णयअनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६६० रुपैयाँ र मध्यम धानको प्रतिक्विन्टल ३ हजार ८६० रुपैयाँ निर्धारण गरिएको सूचनामा उल्लेख छ।

निर्देशिकाअनुसार सूचीकृत हुन चाहने सहकारी संस्थाले दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, संस्थाका आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि, सञ्चालक समितिको निर्णय, कार्यक्षेत्र, गोदाम तथा भण्डारण क्षमता र धान खरिद तथा व्यवस्थापनसम्बन्धी आवश्यक विवरण पेस गर्नुपर्नेछ।

त्यस्तै, धान खरिद गर्न चाहेको परिमाण, खरिदस्थल, धान भण्डारण तथा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार, उपकरण र जनशक्तिसम्बन्धी विवरणसमेत पेस गर्नुपर्ने सूचनामा जनाइएको छ।

कार्यक्रम कार्यान्वयन एकाइ बाराले सूचना प्रकाशित भएको १५ दिनभित्र आवश्यक कागजातसहित निवेदन पेस गर्न इच्छुक सहकारी संस्थालाई आग्रह गरेको छ। निर्धारित मापदण्ड पूरा गरी सूचीकृत भएका सहकारीमार्फत न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको छ।

## एमाले छाडेका वीरगञ्जका पूर्वमेयर सरावगीको सदस्यता खारेजी गर्न माग




वीरगञ्ज, २३ असोज/नेकपा एमाले परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) प्रवेश गर्नुभएका वीरगञ्ज महानगरपालिकाका पूर्वमेयर विजयकुमार सरावगीको सदस्यता खारेजीको माग गरिएको छ।

बिहीबार राति करिब १० बजे रास्वपा प्रवेश गरेका एमाले केन्द्रीय सदस्य सरावगीको १८ घण्टा नबित्दै सदस्यता खारेजीको माग गरिएको हो

रास्वपा जिल्ला कार्यसमिति पर्साले शुक्रबार केन्द्रीय कार्यालयलाई पत्र लेख्दै पूर्वमेयर सरावगीको सदस्यता खारेजीको माग गरेको हो।

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# सरकारको निर्देशन र नागरिकको अधिकार

नेपाल सरकारले आगामी चाडपर्वका अवसरमा नागरिकहरूलाई कुनै पनि किसिमको सास्ती नहोस् भन्दै स्वास्थ्य, खानेपानी, विद्युत्, दूरसञ्चार, विमानस्थल, यातायात र अस्पताल जस्ता अत्यावश्यक सेवाहरू नियमित रूपमा सञ्चालन गर्न कडा निर्देशन जारी गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार आयोजित प्रेस ब्रिफिङमार्फत केन्द्रीय अनुगमन समितिले गरेका यी निर्णयहरू सार्वजनिक गरिएको हो। चाडपर्वको उल्लासका बीच आम नागरिकको दैनिक जीवनयापनलाई सहज बनाइराख्न सरकारले चालेको यो कदम अत्यन्तै स्वागतयोग्य र सामयिक छ।

नेपालमा हरेक वर्ष मुख्य चाडपर्वका समयमा सरकारी तथा सार्वजनिक सेवाप्रदायक निकायहरूमा कर्मचारीको अनुपस्थिति, बिदा बस्ने प्रवृत्ति र ढिलासुस्तीका कारण सर्वसाधारणले ठूलो कष्ट भोग्नुपर्ने यथार्थ नयाँ होइन। यसै संवेदनशीलतालाई मध्यनजर गर्दै सरकारले सेवा प्रवाहमा अवरोध आउन नदिन आवश्यक जनशक्ति, औषधि, उपकरण र आकस्मिक सेवाहरू २४सै घण्टा तयारी अवस्थामा राख्न सम्बन्धित सबै मन्त्रालय र निकायहरूलाई स्पष्ट पत्राचार गरिसकेको छ। नागरिकलाई सामान्य कामका लागि पनि अनावश्यक सास्ती व्यहोर्नुपर्ने अवस्थाको पूर्ण अन्त्य गरिनु राज्यको प्राथमिक दायित्व हो।

तथापि, विगतका अनुभवहरूलाई हेर्दा सरकारबाट यस्ता निर्देशनहरू हरेक वर्ष जारी हुने गरे पनि तिनको फितलो कार्यान्वयनले गर्दा जनताले वास्तविक राहत पाउन सकेका छैनन्। तसर्थ, यो निर्देशन केवल सिंहदरबारको कागजी घोषणा वा औपचारिकतामा मात्र सीमित हुनु हुँदैन।

चाडपर्वको समयमा 'इमर्जेन्सी ड्युटी' मा खटिने राष्ट्रूसेवक कर्मचारी र प्राविधिकहरूलाई उचित प्रोत्साहन भत्ता, अतिरिक्त सुविधा र वैज्ञानिक पालो प्रणाली को व्यवस्था मिलाउनु आवश्यक छ। यसका साथै, अस्पतालमा औषधिको उपलब्धता, सार्वजनिक यातायातमा हुनसक्ने कालोबजारी र विमानस्थल तथा सञ्चार क्षेत्रमा आउन सक्ने प्राविधिक अवरोधहरूलाई तत्काल समाधान गर्नका लागि स्थानीय प्रशासन र केन्द्रीय अनुगमन समितिले स्थलगत रूपमै कडा निगरानी बढाउनुपर्छ। राज्यले आफ्ना संयन्त्रहरूलाई जनताप्रति उत्तरदायी बनाएर प्रभावकारी अनुगमन गरेमा मात्रै नागरिकले चाडपर्वलाई ढुक्क र उत्साहका साथ मनाउन पाउनेछन् र सरकारको यो निर्देशनले सार्थकता पाउनेछ।




# जलवायु न्यायको गृहकार्य




संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभाबाट नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले दिनुभएको मन्तव्य अहिले विश्वव्यापी रूपमा चर्चित छ। उहाँको त्यो सौम्यता, सभ्य, मानवतामिश्रित तर्कपूर्ण सन्देशले नेपाली मात्रै होइन; विश्वको ध्यान नेपाल र नेपालीतिरै तान्यो। संयुक्त राष्ट्रसङ्घमा प्रधानमन्त्री शाहको सम्बोधन सामाजिक सञ्जालमा सबैभन्दा धेरै चर्चित भयो। राष्ट्रसङ्घकै सामाजिक सञ्चारमाध्यमहरूमा सबैभन्दा धेरै हेरिएको र सुनिएकोमध्ये नेपालका प्रधानमन्त्री वालेन्द्र शाहकै सम्बोधन परेको छ। प्रधानमन्त्री शाहको त्यो सम्बोधन मात्रै एक भाषण थिएन, बरु त्यसमा नेपाल अनि नेपालीले अनाहकमा बेहोर्नु परेको प्राकृतिक विपत् थियो। भोटेकोशी प्रलयले सोहोरेर लगेका हजारौँ मानिसको जीवन अनि खर्बौं रुपियाँको संरचनाका चीत्कार थियो। यथार्थमा त्यो सम्बोधन चीत्कार अनि पुकार मात्र थिएन; बरु विश्वका लागि एक चेतावनी र आह्वानसमेत थियो। समग्रमा विश्वको 'छानो' चुहिन लागेको यो समयमा उहाँले गर्नुभएको त्यो वैश्विक आह्वानले मानव जीवनको सँघारमै प्रवेश गरिसकेको जलवायु सङ्कटको गम्भीर सङ्केत पनि थियो।

भोटेकोशी प्रलयबाट इतिहासकै सबैभन्दा अत्यासलाग्दो पीडा भोगेको नेपालले अतुलनीय क्षति बेहोर्नु परेको छ। भोटेकोशीले मात्रै त्यहाँको जमिन सोहोरेको छैन; कैयौँ जीवन, सपना र संसार नै कहिल्यै नफर्काउने गरी आफूसँग बगाएर लगेको छ। त्यहाँ मात्रै बाढी अनि माटोको लेदो बगेको छैन; त्योसँगै देशका कैयौँ अमूल्य सम्पत्ति विनाशको गर्भमा मिसाएको छ। यो अत्यास अनि यो पीडाका बिच हामीले संयुक्त राष्ट्रसङ्घमार्फत विश्वलाई आफ्नो पीडा मात्रै सुनाएका छैनौँ, बरु बाँकी विश्वसँग हामीले पाउनुपर्ने अधिकार पनि मागेका छौँ। हामीले भनेका छौँ, "हामीले सदियौँदेखि जोगाउँदै आएको यो विश्वको छानो जोगाउन अब हामीलाई पनि कठिन छ। हाम्रो होइन तिमीहरूकै कारण हामीले जुन मूल्य चुकाइरहेका छौँ; त्यसको क्षति तिमीहरूले नै तिर्नु पर्छ।" संयुक्त राष्ट्रसङ्घमार्फत हामीले अपिल गरेको यो न्यायको तर्कपूर्ण बहस अब हामीले लगभग एक महिनापछि फेरि टर्किएको अन्टाल्या सहरमा गर्ने छौँ अर्थात् आगामी नोभेम्बर ९ देखि अन्टाल्या सहरले आयोजना गर्ने विश्व जलवायु सम्मेलन (कोप-३१) मा फेरि विश्वका नेताहरू जलवायु सङ्कटबारे गहन छलफलमा जुट्ने छन्।

ऐतिहासिक अनि पौराणिक सहरमा कोप-३१ को सुअवसरमा जुट्ने विश्वका नेताहरूले फेरि एक पटक विश्व जलवायु सङ्कटबारे गहन छलफल गर्ने छन्। नेपालका लागि त्यो त्यही मञ्च हुने छ; जहाँ हामीले फेरि एक पटक विश्वलाई भन्नुपर्ने छ- हामीलाई अधिकार र न्याय देऊ। यसपालि हामीले विश्वलाई भावनामा होइन तथ्य अनि प्रमाणहरूका आधारमा भन्नुपर्ने छ। त्यसका लागि नेपालको तयारी भने अझै पर्याप्त हुन नसकेको गुनासो छ। कूटनीतिविहीन अनि भेट्टाउनै गाह्रो लक्ष्यको फेहरिस्तले मात्रै हामीले हाम्रो अधिकार पाउन निकै गाह्रो हुन्छ अर्थात् विश्वले त्यसलाई एक भावनात्मक अपिलका रूपमा मात्रै बुझ्ने छ। जलवायु वित्तमा नेपाल जस्ता राष्ट्रले पहुँच पुऱ्याउनका लागि पर्याप्त कूटनीतिक तयारी भएको देखिन सकेको छैन। हामी मात्रै कुनै सम्मेलनका लागि केन्द्रित भएका हुन्छौँ तर कूटनीतिक तहमा हामी कसरी प्रस्तुत हुने? त्यसबारे कूटनीतिक तयारी हामीलाई पुगेको छैन। त्यसैले हामीले हानिनोक्सानीका लागि हाम्रो अधिकार दाबी गरे पनि त्यसका लागि यथेष्ट प्रमाण जुटाउनु जरुरी छ।

नेपालमा भइरहेको क्षति कसरी जलवायु परिवर्तनसँग गाँसिन्छ अर्थात् त्यो जलवायु परिवर्तनकै कारण भएको हो भन्ने प्रमाण नेपालसँग पर्याप्त मात्रामा छैन। न त्यस्तो क्षतिका यकिन विवरणहरू छन्। विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आइतबारदेखि मात्रै यसबारे छलफल सुरु गरेको छ। 'क्षति तथा नोक्सानी' आकलन र तयार गर्ने जिम्मेवारी पाएको प्राधिकरण, सम्बद्ध मन्त्रालयले यसबारे गरेको गहिरो अध्ययन, अनुसन्धान र वैश्विक मञ्चमा दाबी पुग्ने प्रमाणहरू सङ्कलन गर्नु पर्छ। अनि त्यसलाई छिमेकका मित्रराष्ट्रहरूको सहयोग पनि त्यसमा अर्थपूर्ण मानिन्छ। कोप २६ देखि नै बहस र चर्चामा रहेको हानिनोक्सानीबारे पनि यसपालिको कोपले ठोस सम्बोधन गर्ने अपेक्षा गरिएको छ। नेपालले समेत दाबी गर्दै आएको 'हानिनोक्सानी' का लागि क्षति भरणको विषयलाई पनि सम्मेलनका पक्ष राष्ट्रहरूले एउटा आकार दिने छन्। त्यसबाट जलवायु परिवर्तनका कारण दीर्घकालीन असर खेपिरहेका नेपाल जस्ता देशलाई क्षतिपूर्तिको आधार खुला हुने छन्।

यो कार्ययोजनामा नेपाल सरकारले सन् २०४५ सम्म 'शून्य कार्बन' को लक्ष्यसम्म पुग्न विभिन्न आर्थिक विश्लेषण गरेको छ। त्यसमा उसले ४७.४ अर्ब अमेरिकी डलर (करिब ६३ खर्ब) खर्च हुने अनुमान गरेको छ; जसमा नेपालको लगानी करिब १.५ अर्ब अमेरिकी डलर हुने छ। बाँकी पैसा नेपालले जलवायु परिवर्तनका लागि योगदानका आधारमा विश्वका ती देशसँगै लिनुपर्ने हुन्छ। त्यसका लागि तथ्यमा आधारित प्रमाण हामीले विश्वसामु पेस गर्नु पर्छ। त्यसका लागि सबैभन्दा उपयुक्त र प्रभावशाली मञ्च भनेको कोप सम्मेलन नै हो। नेपालले यसपालि पनि आफू र आफू जस्ता देशले पाउनुपर्ने क्षति भरणका लागि दबाब सिर्जना गर्नु पर्छ। यसैले अहिले अति कम विकसित राष्ट्रले 'जलवायु न्याय' पनि भनिरहेका छन् र नेपाल विश्वका करिब ४६ अतिकम विकसित राष्ट्रको एक नेतृत्वकर्ता पनि हो।

कोप-३१ को एउटा मुख्य मुद्दा भनेको जलवायु वित्त पनि हो। जलवायु परिवर्तन र यसको सङ्कटसँग जुध्न सबै प्रक्रियाका लागि आवश्यक पर्ने लगानी, अनुदान र ऋणको रूपमा प्राप्त हुने रकम हो। धनी देशले गरिब देशका लागि वार्षिक रूपमा जलवायु वित्त उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्। जससँग पर्याप्त स्रोतसाधन छैन र जलवायु परिवर्तनमा उनीहरूको योगदान पनि धेरै कम छ। दुर्भाग्यवश, रकमको वास्तविक हस्तान्तरण भने गरिएका प्रतिबद्धताभन्दा धेरै पछाडि छ। त्यसका लागि पनि नेपालले यो पहलको नेतृत्व गर्नै पर्छ।

जलवायु परिवर्तनका लागि शून्य बराबर योगदान रहे पनि त्यसको सङ्कटले जसरी नेपाललाई लखेटिरहेको छ, त्योभन्दा माथि उठेर नेपालले 'नेट जिरो' को लक्ष्य पछ्याउन थालिसकेको छ। सन् २०४५ सम्मको पेरिस सम्झौताको त्यो लक्ष्य भेट्टाउन नेपालले पनि आफ्नो तयारी गरिरहेको छ। सन् २०१५ को डिसेम्बर १२ मा फ्रान्सको पेरिस सहरमा भएको विश्व सम्मेलनले जारी गरेको यो सम्झौतामा नेपालले पनि हस्ताक्षर गरेको छ। संसद्ले यसलाई स्वीकार पनि गरिसकेको छ। हस्ताक्षरकर्ता राष्ट्रका नाताले नेपालले त्यो सम्झौता पालना गर्नुपर्ने हुन्छ। यो सम्झौताको एउटा मुख्य उद्देश्य भनेको पृथ्वीको तातोपनलाई १.५ डिग्री सेल्सियसमै कायम राख्ने हो। त्यसका लागि कार्बन उत्सर्जनलाई शून्यमा पुऱ्याउन आवश्यक छ। त्यसैलाई 'नेट जिरो' भनिन्छ। 'नेट जिरो' भनेको हाम्रो वायुमण्डलमा थप हरितगृह ग्यासहरू बाक्लिन नदिनु भनिएको हो, हरितगृह ग्यासहरूको मात्रा थप हुन नदिनु हो। हामीले दैनिक जीवनमा प्रयोग गर्ने भान्सा, उद्योग कलकारखाना, यातायातमा प्रयोग हुने इन्धन, ग्यास र कोइलाका प्रयोग भनेको वायुमण्डल बिथोल्ने ठानिएका त्यस्ता हरितगृह ग्यास उत्पादन हुनु हो। यस्ता प्रयोगबाट कार्बन डाइअक्साइड, मिथेन, नाइट्रोजन अक्साइड, सिएफसी, एचसिएफसी र एचएफसीलगायत धेरै ग्यास निस्किन्छन्। त्यस्ता ग्यासले पृथ्वीको तातोपना बढाउन मद्दत गर्छन्। जस्तो कि सिसाले छोपेको हरितगृहले सूर्यको तापलाई सोसेर वा सञ्चय गरेर राख्छ। त्यस्तै यी ग्यासले पृथ्वीको सतहवरिपरिको हावा तताइदिन्छ। यी सबै हरितगृह ग्यास हुन्। पृथ्वीमै सूर्यको ताप सञ्चय गरिराख्ने यस्ता ग्यासको न्यूनीकरण नै 'नेट जिरो' को लक्ष्यमा पुग्ने बाटो हो।

नेपालले आगामी सन् २०४५ सम्ममा पछ्याउने मात्रै होइन, यो लक्ष्यमै पुगिसक्ने गरी विश्वमाझ आफूलाई चिनाउँदै आएको छ। विश्वका जलवायु वैज्ञानिक तथा विज्ञहरूका अनुसार त्यसका लागि सन् २०५० सम्म कार्बन उत्सर्जनकै अनुपात बराबर कटौती पनि गर्नुपर्ने बताउँदै आएका छन्। जलवायु परिवर्तनमा हामीले गरेका यस्ता सकारात्मक योगदानलाई पनि हामीले हाम्रो अधिकार पाउनका लागि आधारभूत प्रमाण बनाउन सक्नु पर्छ। अर्थात् कोप-३१ को यो अवसरलाई हामीले केवल एउटा देशको प्रतिनिधित्वमा मात्रै सीमित नराखेर त्यसलाई आगामी पुस्ताले समेत महसुस गर्ने गरी विश्वबाट हाम्रो अधिकार स्थापित गर्ने प्रभावशाली आधारका रूपमा प्रयोग गर्न सक्नु पर्छ। हाम्रो जलवायु कूटनीतिको यो एउटा नवीन आयाम पनि बन्न सक्छ।

**साभार: गोरखापत्र**

# बाढीपहिरो प्रभावित ६ जिल्लाका २० पालिका सङ्कटग्रस्त क्षेत्र घोषित



काठमाण्डौ २३ असोज/सरकारले वर्षा, बाढी तथा पहिरोबाट प्रभावित ६ जिल्लाका २० वटा पालिकालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ। नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ती क्षेत्रलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त घोषणा गरिएको हो।

नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार गोरखा, मनाङ, म्याग्दी, बागलुङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का विभिन्न पालिका तह तथा केही वडालाई सङ्कटग्रस्त क्षेत्रमा समावेश छ।

गोरखाको शहीद लखन गाउँपालिकाका वडा नम्बर ३ र ४ तथा मनाङको चामे गाउँपालिका, नासों गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिकाका वडा नम्बर १ र ४ सङ्कटग्रस्त घोषित भएका छन्। त्यस्तै, म्याग्दीका अन्नपूर्ण गाउँपालिका, बेनी नगरपालिका, मङ्गला गाउँपालिका, धवलागिरि गाउँपालिका र मालिका गाउँपालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा भएको छ।

बागलुङको निसीखोला गाउँपालिकाका वडा नम्बर ४ र ६, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिकाका वडा नम्बर ३ र ४ तथा ताराखोला गाउँपालिका पनि सङ्कटग्रस्त क्षेत्रमा परेका छन्। यसैगरी, पर्वतको जलजला गाउँपालिका, फलेवास नगरपालिकाका वडा नम्बर २, ८, १० र ११, बिहादी गाउँपालिकाको वडा नम्बर ६, महाशिला गाउँपालिकाका वडा नम्बर ५ र ६ तथा मोदी गाउँपालिकाका वडा नम्बर २ र ३ लाई सङ्कटग्रस्त घोषणा गरिएको छ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुस्ता गाउँपालिकाको वडा नम्बर ५ पनि सङ्कटग्रस्त क्षेत्रमा समावेश गरिएको छ। सरकारको यो निर्णयले बाढीपहिरोबाट प्रभावित क्षेत्रमा राहत वितरण, पुनरुत्थान तथा पुनर्निर्माणका कामलाई तीव्रता दिन र आवश्यक बजेट तथा जनशक्ति परिचालन गर्न सहज हुने अपेक्षा गरिएको छ।

# सशस्त्र प्रहरीका एआईजी वंशीराज दाहाल बर्खास्त



काठमाडौँ २३ असोज/सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) वंशीराज दाहाललाई सेवाबाट बर्खास्त गरिएको छ।

गृह मन्त्रालयले आज शुक्रबारदेखि लागू हुने गरी दाहाललाई सशस्त्र प्रहरी सेवाबाट हटाउने विभागीय कारवाही गरिएको जनाएको छ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा दाहालले आचरणसम्बन्धी कुरा बारम्बार उल्लंघन गरेको, अनुशासनहीन काम गरेको तथा नेपाल सरकार वा आफू कार्यरत सङ्गठनको मानप्रतिष्ठा एवं छविमा आँच पुऱ्याउने कार्य गरेको कसुरमा कारबाही गरिएको उल्लेख छ

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेद्वारा जारी विज्ञप्तिमा दाहाललाई सेवाबाट हटाइएको जानकारी सम्बन्धित सबैलाई गराइएको छ।

# पृथ्वी राजमार्गको गलौदीमा सडक भासियो, यातायात ठप्प

हेटौँडा, २३ असोज/पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी नजिकै गलौदी क्षेत्रमा सडक भासिएको छ। शुक्रबार साँझ सडकको करिब सय मिटर भाग चर्किएको र २० मिटर खण्ड भासिएको हो। सडक भाँसिएपछि राजमार्गमा सवारी साधन सञ्चालन रोकिएको छ।

सडकको किनारासम्मै चर्किएको छ। थप भासिने र पहिरो जाने जोखिम बढेको छ।

धादिङका ट्राफिक प्रहरी प्रमुख शिशिर थापाका अनुसार सडक थप भासिन सक्ने जोखिम देखिएपछि सम्भावित दुर्घटना रोक्न सवारी आवागमन बन्द गरिएको हो। सडकको अवस्था जोखिमपूर्ण रहेकाले तत्काल सवारी सञ्चालन गर्न कठिनाइ भएको उहाँले बताउनुभयो।

राजमार्ग अवरुद्ध भएपछि पृथ्वी राजमार्ग भएर यात्रा गर्ने सवारी साधन तथा यात्रु प्रभावित भएका छन्। सडक भासिएको क्षेत्रमा थप क्षति हुन सक्ने जोखिम रहेकाले अवस्था सामान्य नहुँदासम्म आवागमन कठिन देखिएको ट्राफिक प्रमुख थापाले बताउनुभयो।

# पोखरामा स्कुल बस दुर्घटना ५ जनाको मृत्यु: छानबिन गर्न समिति गठन



काठमाण्डौ २३ असोज/कास्कीको पोखरामा आज बिहान भएको स्कुल बस दुर्घटनाको छानबिन गर्न पोखरा महानगरपालिकाले समिति गठन गरेको छ।

दुर्घटनाको सत्य/तथ्य पत्ता लगाउन, कारण पहिचान गर्न र आउँदा दिनमा यस्ता दुर्घटना दोहोरिन नदिन आवश्यक सुधारका उपाय सुझाउन महानगरले समिति गठन गरेको हो।

महानगरपालिकाको वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीको संयोजकत्वमा गठित समितिमा मेकानिकल इन्जिनियर सरोज चालिसे, महानगर शिक्षा समिति सदस्य डोलराज पाण्डे, नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापा र ट्राफिक सहायक निरीक्षक अमृत भट्टराई सदस्य रहनुभएको छ।

समितिलाई दुर्घटनाको कारण र घटनासँग सम्बन्धित विषयमा विस्तृत अध्ययन तथा छानबिन गरी ५ दिनभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।

पोखरा महानगरपालिका( २८ ओख्लेको भीरमा बिहान कालिका इङ्लिश बोर्डिङ स्कुलको ग २ ख १४१७ नम्बरको बस दुर्घटना हुँदा ४ जना विद्यार्थीसहित ५ जनाको ज्यान गएको छ।

ज्यान गुमाउनेहरूमा १५ वर्षीया ममता तिवारी र सुवेच्छा तिवारी, १३ वर्षीय असिम कँडेल, ६५ वर्षीय स्थानीयवासी बाबुराम तिवारी रहेका छन्। एक छात्राको परिचय खुलेको छैन।

बसमा १९ जना रहेकामा १४ जना घाइते भएका छन्। उनीहरूको गण्डकी मेडिकल कलेज र गण्डकी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

# उखु किसानलाई एक अर्ब ५० करोड अनुदान

काठमाडौं २३ असोज/सरकारले उखु किसानलाई रु एक अर्ब ५० करोड अनुदान प्रदान गर्ने भएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उखु उत्पादक किसानलाई प्रोत्साहनस्वरूप उपलब्ध गराइने अनुदानसम्बन्धी कार्यविधि बिहीबार स्वीकृत गरेको उहाँको निजी सचिवालयले जनाएको छ।

अनुदान रकम बर्दिया, रौतहट, कैलाली, कञ्चनपुरका किसानलाई वितरण गरिने मन्त्रालयले जनाएको छ।

सरकारले वार्षिक रूपमा उखु किसानलाई अनुदानस्वरुप प्रति क्विन्टल रु ७० प्रदान गर्दै आएको छ।

# कांग्रेस सभापतिको मतगणना सुरु

काठमाडौं, २३ असोज / नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत सभापति पदका लागि भएको निर्वाचनको मतगणना सुरु भएको छ।

सभापति पदका उम्मेदवार गगन थापा र श्यामकृष्ण खड्गीबीचको प्रतिस्पर्धाको मतगणना राष्ट्रिय सभागृहमा सुरु गरिएको हो।

खुलामञ्चबाट सभापति पदका मतपेटिका राष्ट्रिय सभागृहमा ल्याइएपछि मतगणना प्रक्रिया अघि बढाइएको निर्वाचन समितिले जनाएको छ।

प्रारम्भिक चरणमा बागमती र सुदूरपश्चिम प्रदेशका मतपेटिकाको गणना सुरु गरिएको छ भने लुम्बिनी र गण्डकी प्रदेशका मतपत्र मिलाउने काम भइरहेको छ।

राति १० बजे नै मतदान सम्पन्न भए पनि अविरल वर्षाका कारण मतपेटिका सङ्कलन तथा गणनास्थलसम्म ल्याउन ढिलाइ भएको थियो।

मतगणना कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन तीन स्थानमा गणनाको व्यवस्था मिलाइएको छ। मतगणनास्थलमा सीसी क्यामेरासमेत जडान गरिएको छ।

निर्वाचन समितिका अनुसार मतगणना प्रक्रियालाई निष्पक्ष, व्यवस्थित र पारदर्शी बनाउन सीसी क्यामेराको निगरानीमा मतगणना गर्ने व्यवस्था गरिएको हो।

सभापति पदको मतपरिणामले कांग्रेसको आगामी नेतृत्व चयन गर्ने भएकाले दुवै उम्मेदवारको मतपरिणामलाई चासोका साथ हेरिएको छ।

## भोलिदेखि मौसममा क्रमिक सुधार हुने

काठमाडौं २३ असोज/आज कोशी, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी एक/दुई ठाउँमा ठूलो पानी पर्ने सम्भावना छ।

यस्तै हिमाली तथा पहाडी केही ठाउँमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षा तथा हिमपात हुन सक्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मधेश प्रदेशसहित कोशी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा पनि सामान्यतया बदली हुने तथा अरु तराई क्षेत्रमा आंशिक बदली हुने अनुमान छ

मधेश प्रदेशसहित कोशी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै ठाउँ तथा बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराईका एक/दुई ठाउँमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ।

## एमाले छाडेका वीरगञ्जका ...

जिल्ला सचिव सुदिश प्रजापतिले केन्द्रीय महामन्त्रीलाई पत्र लेख्दै भन्नुभएको छ, 'हिजो पीआरएस १ ख ०००४३५७७६ नम्बरबाट सरावगीको नाममा रास्वपा सदस्यता जारी भएको छ, उक्त सदस्यताबारे जिल्ला कार्यसमितिलाई कुनै जानकारी छैन। उनको सदस्यता उपर पर्साका अन्य पार्टी पङ्क्तिको असहमति रहेकोले उनको सदस्यता खारेजी गरिदिनुहुन अनुरोध छ।'

## पर्सामा सशस्त्र प्रहरीद्वारा ...

वीरगञ्जबाट खटिएको टोलीले वीरगञ्ज- १६ इनर्वा सीमा इलाकाबाट भारततर्फबाट अवैध रूपमा भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा रु एक लाख ७७ हजार ८६० बराबरको कपडा तथा जुत्ता बरामद गरी भन्सार कार्यालयको प्रहरी नायब उपरीक्षक क्षेत्रीले जानकारी दिनुभयो।

त्यस्तै पर्साकै जगरनाथपुर गाउँपालिका- २ लक्ष्मीपुरचोकमा सीमा सुरक्षा गुल्म भिखमपुरबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी ल्याइएको रु एक लाख २५ हजार १०० बराबरको सामानसहित मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ।





# साना किसान कृषि सहकारी सपहीको अध्यक्षमा गीता चौधरी चयन



दीपेन्द्र जयसवाल,

कोल्हबी २३ असोज/बाराको कोल्हबी नगरपालिका- ४ सपहीस्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड, सपहीको १४औँ वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले आगामी चार वर्षे कार्यकालका लागि गीता चौधरीको अध्यक्षतामा नयाँ सञ्चालक समिति सर्वसम्मत रूपमा चयन गरेको छ।

संस्थाकी अध्यक्ष अस्तुर्नी देवी चौधरीको सभापतित्व तथा नेपाल कृषि सहकारी केन्द्रीय सदस्य एवं साना किसान कृषि सहकारी संघ बाराका अध्यक्ष मिश्रीलाल सहनीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्लाभरिका साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष तथा शाखा प्रबन्धकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

संस्थाका एक हजार दुई सयभन्दा बढी सदस्यको सहभागिता रहेको कार्यक्रममा विभिन्न समूहका सदस्यहरूलाई पुरस्कृत तथा सम्मानित गरिएको थियो।

नवनिर्वाचित सञ्चालक समितिको उपाध्यक्षमा चन्द्रकुमारी कार्की र कोषाध्यक्षमा शान्ता सुवेदी चयन भएका छन्। त्यसैगरी सदस्यहरूमा हरिमाया तामाङनी, नैना कुमारी चौधरी, रुकमन्ती कुमारी, गीता कुमारी चौधरी, अनिता कुमारी चौधरी र सन्तोषी चौलागाईं चयन भएका छन्।

यसैगरी सरिता कुमारी चौधरीको संयोजकत्वमा तीन सदस्यीय लेखा परीक्षण तथा सुपरिवेक्षण समिति चयन गरिएको छ। समितिका सदस्यमा कुन्जा कुमारी चौधरी र सुशीला कुमारी चौधरी रहेका छन्।

अधिवेशनले कोल्हबी र सपही सेवा केन्द्रका लागि पाँच(पाँच सदस्यीय समिति तथा एकीकृत कृषि सेवा केन्द्र सञ्चालनका लागि तीन सदस्यीय समितिसमेत चयन गरेको छ।

# सखुवाप्रसौनीस्थित दीपनारायण माविमा नवआगन्तुक विद्यार्थीको स्वागत




आरके चौधरी

सखुवाप्रसौनी, २३ असोज/सखुवाप्रसौनी गाउँपालिका( २, औराहा पञ्चगावाँस्थित श्री दीपनारायण आदर्श नमुना माध्यमिक विद्यालयमा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्दै बडादसैँको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

विद्यालयको आयोजनामा तथा कक्षा १२ का विद्यार्थीहरूको सहभागितामा आयोजित कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गाया राउत थारुको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य रामकिशोर चौधरी थारु, महिला सदस्य रीता देवी, सञ्चारकर्मी नवल यादव, शिक्षक(शिक्षिका तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्दै नयाँ शैक्षिक यात्राको सफलताको कामना गरिएको थियो। विद्यार्थीहरूलाई अनुशासित, मेहनती र लगनशील भएर अध्ययन गर्न तथा विद्यालयको शैक्षिक वातावरणलाई अझ प्रभावकारी बनाउन सहभागीहरूले जोड दिएका थिए।

त्यसैगरी, नेपालीहरूको महान् चाड बडादसैँको अवसरमा विद्यार्थी, अभिभावक, शिक्षक तथा सम्पूर्ण विद्यालय परिवारमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो।

विद्यालयका प्रधानाध्यापक शिवनाथ चौधरीले कार्यक्रमबारे जानकारी दिँदै नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुका साथै उनीहरूको शैक्षिक भविष्य उज्ज्वल बनाउन विद्यालयले आवश्यक सहयोग र मार्गदर्शन प्रदान गर्ने बताउनुभयो।

कार्यक्रमले नयाँ विद्यार्थीहरूलाई विद्यालयसँग घुलमिल हुन सहयोग पुऱ्याउनुका साथै विद्यार्थीहरूबीच आपसी सद्भाव, एकता र सहकार्यको भावना विकास गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# आइतबार वीरगञ्जमा चुनरी यात्रा

वीरगञ्ज, २३ असोज/नवरात्रका अवसरमा विश्व हिन्दू परिषद्ले आगामी आइतबार चुनरी यात्रा आयोजना गर्ने भएको छ। शक्तिस्वरूपा देवीका आकर्षक झाँकीसहित आयोजना हुने यात्राको सम्पूर्ण तयारी प्रायः पूरा भएको छ।

हिन्दू पत्रकार सङ्घका अध्यक्ष राजन रौनियारका अनुसार घटस्थापनाका दिन अपराह्न माईस्थान मन्दिर प्राङ्गणबाट यात्रा प्रारम्भ हुने र त्यसमा १० हजार स्थानीय महिला तथा भक्तजन सहभागी



हुनेछन्।

विभिन्न सामाजिक सङ्घसंस्था पनि यात्रामा सहभागी हुने जनाइएको छ।

# जनकपुरमा चक्कु प्रहारबाट एक युवकको मृत्यु, एक गम्भीर घाइते



जनकपुरधाम, २३ असोज/ धनुषाको जनकपुरधाम उपमहानगरपालिका- ५ स्थित रहिमपथ नजिकै बिहीबार साँझ चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहीबार साँझ करिब ७ बजे भएको सो घटनामा सोनारपट्टी दाहा चोकका २४ वर्षीय आमिन साफीको मृत्यु भएको हो भने सोही क्षेत्रका २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते भएका छन्।

धारिलो हतियार प्रहारबाट घाइते भएका दुवै जनालाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकोमा उपचारकै क्रममा साफीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभएको छ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले जनकपुरधाम- ५ का २२ वर्षीय मोहम्मद इर्साद खानलाई नियन्त्रणमा लिएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा पुरानो रिसइबीका कारण विवाद उत्पन्न हुँदा खानले दुवै युवकको छाती र पेटमा चक्कु प्रहार गरेको खुलेको छ

हाल मृतक साफीको शव परीक्षणका लागि प्रादेशिक अस्पतालको शवगृहमा राखिएको छ भने घाइते राइनको सोही अस्पतालमा उपचार जारी छ। पक्राउ परेका खानमाथि घटनाको कारण र थप पक्षबारे सुक्ष्म अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# रौतहटमा स्रोत नखुलेको दुई लाख भन्दा बढी रूपैयाँसहित एकजना पक्राउ

रौतहट, २३ असोज/रौतहटको गौरबाट स्रोत नखुलेको नेपाली तथा भारतीय रुपैयाँ र मोटरसाइकलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा गौर नगरपालिका( १ का ४२ वर्षीय शेराज अलि रहेका छन्

भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० एआर २४९५ नम्बरको टीभीएस राइडर मोटरसाइकलमा सवार अलिलाई गौर भन्सार कार्यालयअगाडि जिल्ला प्रहरी कार्यालय र भन्सार सुरक्षा गार्डको संयुक्त टोलीले शंका लागेर जाँच गरेको थियो

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक बसन्त गौतमका अनुसार जाँचका क्रममा उनको साथबाट पाँच सय रुपैयाँ दरका दुई सय ३३ थान नेपाली नोट (एक लाख १६ हजार पाँच सय रुपैयाँ) र पाँच सय रुपैयाँ दरका दुई सय थान भारतीय नोट (एक लाख भारतीय रुपैयाँ) गरी कुल दुई लाख १६ हजार पाँच सय अंकित मूल्य बराबरको रकम बरामद भएको हो।

बरामद रकम र मोटरसाइकलसहित पक्राउ परेका अलिमाथि हुण्डीसम्बन्धी कसुरमा आवश्यक थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# जनकपुरबाट काठमाडौँ जाँदै गरेको बसमा लागूऔषध खैरो हेरोइन बरामद, पाँच जना पक्राउ

जनकपुर,२३ असोज/ जनकपुरबाट काठमाडौंतर्फ जाँदै गरेको यात्रुवाहक बसबाट प्रहरीले लागूऔषध खैरो हेरोइनसहित पाँच जनालाई पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय थानकोट र प्रहरी प्रभाग नागढुङ्गाको संयुक्त प्रहरी टोलीले शुक्रबार नियमित जाँचका क्रममा चन्द्रागिरी नगरपालिका २ स्थित सुरुङमार्गबाट तीन जना भारतीय नागरिकलाई लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरेको हो।

पक्राउ पर्नेमा भारतको बिहार प्रदेश, समस्तीपुर वडा नं. २५ ठेगाना भएका १९ वर्षीय पुष्पम प्रकाश, २५ वर्षीय महेश कुमार र १९ वर्षीय सोनु कुमार रहेका छन्।

उनीहरूमाथि गरिएको थप अनुसन्धानका क्रममा उक्त खैरो हेरोइन खरिद गर्न आएका अन्य दुई जनालाई प्रहरीले काठमाडौं महानगरपालिका वडा नं. २२ सुन्धारास्थित एक होटलबाट पक्राउ गरेको छ। सुन्धाराबाट पक्राउ पर्नेमा धादिङको गल्छी गाउँपालिका वडा नं. ६ ठेगाना भएकी २३ वर्षीया कृष्टी खड्की र २५ वर्षीय रामकृष्ण खड्की रहेका छन्। प्रहरीले अभियुक्तहरूको साथबाट ३२.७३० ग्राम खैरो हेरोइनका साथै १,११० क्याप्सुल ट्रामाडोल, ८ थान



मोबाइल र ७५,२२० रुपैयाँ नगद समेत बरामद गरेको छ। पक्राउ परेका पाँचैजनालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि प्रहरी वृत्त थानकोटमा बुझाइएको लागूऔषध नियन्त्रण ब्युरोले जनाएको छ।

# पर्सामा सशस्त्र प्रहरीद्वारा १५ लाख २८ हजार बराबरको सामान बरामद

वीरगञ्ज, २३ असोज/सशस्त्र प्रहरी बल पर्साले रु १५ लाख २८ हजार बराबरको विभिन्न सामान बरामद गरेको छ। वीरगञ्ज महानगरपालिका- १६ भुटनदेवी मन्दिरस्थित सीमा इलाकामा सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वाटर पर्साबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा रु नौ लाख २२ हजार ५०० बराबरको औषधि नियन्त्रणमा लिई आज वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ।

हेडक्वाटर पर्साबाट खटिएको अर्को टोलीले भारततर्फबाट अवैध रूपमा



भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको रु तीन लाख दुई हजार ९६० बराबरको मोटरसाइकलसहित तरकारी वीरगञ्ज- १६ बाट नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं १३ गणका सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिनुभयो।

गण मातहत सीमा सुरक्षा गुल्म

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने,
सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड
नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३